# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/१२/०३

### सातौं अधिवेशन

### (नवौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको नवौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, हाम्रो सुदूरपश्चिम प्रदेश सभाको कंचनपुर जिल्लामा बेदकोट नगरपालिका वडा नं.५ का वडा अध्यक्ष गणेश बहादुर वि.क. माथि सांङ्घातीक आक्रमण भएको छ । मलाई लाग्छ संविधानले प्रदत्त गरेको अधिकार दलित सम्बन्धीको अधिकार धारा २४ लाई समेत वास्ता नगरिकन सामान्य विषय लिएर सांङघातिक हमला भएको छ । यो घटना एकदमै निन्दनिय छ यस प्रति म खेत प्रकट गर्न चाहान्छु यस्ता घटनालाई छिटो भन्दा छिटो नियन्त्रण गरेर जसले गल्ती गरेका छन् तिनलाई कानून बमोजिम सजाय होस भन्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, सामाजिक विकास समितिका सभापति माननीय कुन्ती जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति २०७७।१२।०२

प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल ।

विषयः– सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७७ को प्रतिबेदन सम्बन्धमा ।

माननीय सभामुख महोदय,

दफावार छलफलका क्रममा समितिका बैठकहरुमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरु, सम्वन्धीत विषयका विज्ञ र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

**देहायः-**

१. माननीय दिव्यश्वरी शाह - सदस्य
२. माननीय मान बहादुर सुनार - सदस्य
३. माननीय टेक वहादुर रैका - सदस्य
४. माननीय लाल बहादुर खड्का - सदस्य
५. माननीय कर्ण वहादुर मल्ल - सदस्य
६. माननीय गेल्बु सिह बोहरा - सदस्य
७. माननीय नन्द वहादुर साउँद - सदस्य
८. माननीय शुशिला बुढाथोकी - सदस्य
९. माननीय दुर्गा कुमारी कामी - सदस्य
१०. माननीय माया तामाङ्ग बोहरा - सदस्य

**विशेष आमन्त्रीत**

११. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरी

**तपशिलः-**

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| सि.न. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | दफा ५ को उपदफा (१)को खण्ड (क) मा | (क) माननीय मन्त्री वा राज्य मन्त्री, मन्त्रालय - अध्यक्ष | (क) माननीय मन्त्री वा राज्य मन्त्री, वा **सहायक मन्त्री** मन्त्रालय -अध्यक्ष | **सहायक मन्त्री** थप गर्न उपयुक्त भएकोले। |
| २ | दफा ५ को | (घ) सम्बन्धीत विषय | (घ) सम्बन्धीत विषय | **समावेशी र एक** |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (१) को खण्ड (घ) मा | विशेषज्ञ मध्येबाट एक जना महिला सहित **दुई** जना-सदस्य | विशेषज्ञ मध्येबाट **समावेशी** महिला सहित **तिन** जना-सदस्य | **जना सदस्य** थप गर्न उपयुक्त भएकोले |
| ३ | दफा ५ को उपदफा (१) को खण्ड (ज) मा | | **(ज) उपभोक्ताबाट एक जना प्रतिनिधि -सदस्य** | **खण्ड (ज) लाई खण्ड (झ) बनाई खण्ड (ज) थप गर्न उपयुक्त भएकोले।** |
| ४ | दफा ८ को (ख) मा | (ख) स्थानीय तहसँगको सहकार्यमा ग्रामीण क्षेत्रहरुमा उत्पादित दुग्धजन्य पदार्थ शहरी क्षेत्रमा पुर्‍याउने सहज वातावरण सृजना गर्ने, | (ख) स्थानीय तह, **सहकारी र निजी क्षेत्र** सँगको सहकार्यमा ग्रामीण क्षेत्रहरुमा उत्पादित दुग्धजन्य पदार्थ शहरी क्षेत्रमा पुर्‍याउने सहज वातावरण सृजना गर्ने, | **सहकारी र निजीक्षेत्र** थप गर्न उपयुक्त भएकोले । |
| ५ | दफा ८ को (ङ) मा | (ङ) दुग्धजन्य पशुपालन दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ता हितको लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने, | (ङ) दुग्धजन्य पशुपालन दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ता हितको लागि प्रदेश सरकारलाई आवश्यक **प्रस्ताव सहित** सुझाव दिने, | **प्रस्ताव सहित** थप गर्न उपयुक्त भएकोले । |
| ६ | दफा ८ को (ट) मा | (ट) पहाडी क्षेत्रमा विशेष पहिचान भएको गड्डीभैंसी, खैंलागाई पालन प्रवर्द्धन गरी खुवा तथा मोजरेला चिज उद्योग स्थापनाका लागि प्रवर्द्धनात्मक कार्यक्रम सिफारिस गरी मोजरेला चिजलाई विशिष्ट उत्पादनको रुपमा विकास गर्ने, | (ट)पहाडी क्षेत्रमा विशेष पहिचान भएको गड्डीभैंसी, खैंलागाई पालन प्रवर्द्धन गरी खुवा, **छुर्पि** तथा मोजरेला चिज उद्योग स्थापनाका लागि प्रवर्द्धनात्मक कार्यक्रम सिफारिस गरी मोजरेला चिजलाई विशिष्ट उत्पादनको रुपमा विकास गर्ने, | **छुर्पि** लाई थप गर्नु उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ७ | दफा ११ को उपदफा (३) को खण्ड (क) मा | (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान, पशु विज्ञान, खाद्य तथा डेरी वा वाणिज्यशास्त्र संकायमा कम्तीमा **स्नातकोत्तर** तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको, र | (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान, पशु विज्ञान, खाद्य तथा डेरी वा वाणिज्यशास्त्र संकायमा कम्तीमा **स्नातक** तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको, र | स्नातकोत्तर तह उत्तीर्णको सट्टामा **स्नातक तह** उत्तीर्ण योग्यता राख्नु उपयुक्त हुने भएकोले । |
| ८ | दफा १७ मा | सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्। | सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता तथा **आवश्यकता अनुसार** अन्य सुविधा पाउनेछन्। | **आवश्यकता अनुसार** थप गर्न उपयुक्त भएकोले । |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नुपर्ने विषयहरु सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७७ मा समावेश गरी उक्त विषयहरुलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिमको प्रदेश सभा नियमावली २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु। अन्तमा यो प्रतिवेदन तयार गर्न सहयोग पु-याउँनु हुने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्यू, सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

प्रस्तुतकर्ताः-
माननीय कुन्ती जोशी
सभापति
सामाजिक विकास समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
मिति २०७७।१२।०२

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल चैत्र ०८ गते आईतबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।